# दोगडाकेदार गाउँपालिका

फोन नं. ९८५८७८५५८१

# गाउँ कार्यपालिकाको कार्यालय

(शिक्षा, युवा तथा खेलकुद शाखा)
देउलेक, बैतडी
सुदुरपश्चिम प्रदेश ,नेपाल


प.स.:०७७/०७८
च.न.:४५५

मिति : २०७७/०६/२०

श्री सम्पुर्ण सामुदायिक माध्यमिक विद्यालयहरु ,
दोगडाकेदार गाउँपालिका,
बैतडी

**बिषय : आधारभुत पुर्वाधार सहित ठुला विद्यालय विकास गर्न प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत बिषय सम्बन्धमा समाजिक विकास मन्त्रालयको च.न. ९०७ मिती २०७७/०६/१४ को पत्रानुसार तहाँ मन्त्रालयको आ.व. २०७७/०७८ को नेपाल सरकारबाट हस्तान्तरित सर्शत कार्यक्रमको क्रियाकलाप नं २.७.१३.९८ ***स्थानिय तहसंगको साझेदारीमा विद्यालय समायोजन/एकिकरण गरी पायक पर्ने विद्यालयलाइ आधारभुत पुर्वाधार सहित ठुला विद्यालय विकास गर्ने गुरुयोजना/DPR तयारी कार्यक्रम*** रहेकाले यस दोगडाकेदार गाउँपालिका भित्र संचालनमा रहेका र नेपाल सरकारबाट यस पुर्व नमुना विकासको छनौटमा परेका बाहेकका सामुदायिक माध्यमिक विद्यालयहरुले तपशिलका मापदण्ड पुरा गर्ने सर्तमा आधारभुत पुर्वाधार सहित ठुला विद्यालय विकास गर्न इच्छुक विद्यालयहरुले यहि मिती २०७७/०७/२० गते भित्र यस कार्यालयमा निवेदन पेस गर्न हुन जानकारी गराइन्छ ।

सुरेश प्रसाद भट्ट
शिक्षा शाखा प्रमुख
सुरेश प्रसाद भट्ट
शिक्षा अधिकृत

तपशिल :

(क) **पुरा गनुपर्ने मापदण्डहरु**

१. ठुला विद्यालयको रुपमा विकास गर्न इच्छुक माध्यमिक विद्यालयले आफ्नो सेवा क्षेत्र भित्रबाट कम्तीमा २००० विद्यार्थी पुग्ने सुनिश्चितता समेतको प्रतिवद्धता सहितको वि.व्य.स.को निर्णय,
२. ठुला विद्यालय स्थापना हुँदा उक्त विद्यालयमा समायोजन वा एकिकरण हुन सक्ने इच्छुक विद्यालयहरुको सहमती सहितको सुची,
३.ठुला विद्यालयको रुपमा विकास गर्न विद्यालय संग प्रयाप्त जग्गा हुनुपर्ने (कम्तीमा पहाडी क्षेत्रको लागी १० रोपनी)
४.विद्यालयको भौगोलिक अवस्थिती बाढी, पहिरो,भुक्षय लगायतका प्राकृतिक प्रकोपका दृष्टीले जोखिमपुर्ण स्थानमा नरहेको हुनुपर्ने ।

(ख)निवेदनको ढाँचा र पेश गनुपर्ने कागजातहरु यसै पत्रसाथ संलग्न गरिएको छ ।


E-mail: dogadakedargaunpalika@gmail.com
Website: www.dogdakedarmun.gov.np

अनुसूची १

## नमुना माध्यमिक विद्यालय छनोटका लागि दिइने आवेदन

श्री गाउँ/नगर शिक्षा शाखा /कार्यालय

............... ।

विषय : नमुना विद्यालय छनोट सम्वन्धमा ।

प्रस्तुत विषयमा.................को मिति..............मा प्रकाशित सूचनाअनुसार शैक्षिक सत्र.................देखि ...............विद्यालयले नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका २०७४ (संशोधन सहित) मा तोकिएका न्युनतम सर्तहरू पुरा गरेको हुनाले नमुना विद्यालयको रुपमा छनोट हुन देहायअनुसारका विवरणसहित निवेदन पेश गरिएको छ :

तपशिल

विद्यालयको विवरण

१. विद्यालयको नाम :

२.ठेगाना :

..........................गाउँपालिका/नगरपालिका ........वडा नं. ..... ..........गाउँ / टोल .................. फोन नं. ....................फ्याक्स नं. ................... इमेल.................वेभ साइट...................... ।

३.विद्यालयको किसिम :

१) सार्वजनिक　　२) सार्वजनिक गुठि

४) सञ्चालित कक्षा :.....　　५) विद्यालयको विवरण

<table>
<tr><th>क्र स</th><th>सूचक</th><th>विवरण</th></tr>
<tr><td>१</td><td>माध्यमिक तह ९- १२ मा पढाइ हुने विषयहरू</td><td>क) विज्ञान विषय समुह :..........................<br>ख) वाणिज्य विषय समुह:..........................<br>ग) मानविकी विषय समुह:..........................<br>घ) शिक्षा विषय समुह:..........................<br>ङ) प्राविधिक विषय धार समुह:..........................<br>च) ..............................................</td></tr>
<tr><td>२</td><td>विद्यालय सँग भएको जग्गा</td><td>क) ........विगाह<br>ख) ........रोपनी</td></tr>
<tr><td>३</td><td>विद्यार्थी सङ्ख्या</td><td>क) पुर्व प्राथमिक कक्षाको विद्यार्थी सङ्ख्या..................<br>ख) आधारभूत तह कक्षा १–८ को विद्यार्थी सङ्ख्या ..................<br>ग) माध्यमिक तह कक्षा ९–१२ को विद्यार्थी सङ्ख्या.............</td></tr>
<tr><td>४</td><td>विगत तीन वर्षको SEE/ SLC को नतिजा (पुरक परीक्षा सहित ।</td><td><table><tr><th>विवरण</th><th>शैक्षिक वर्ष ...</th><th>शैक्षिक वर्ष..</th><th>शैक्षिक वर्ष..</th></tr><tr><td>सम्मिलित संङ्ख्या</td><td></td><td></td><td></td></tr><tr><td>उत्तीर्ण /GPA, 1.6 भन्दा बढी संङ्ख्या</td><td></td><td></td><td></td></tr></table>नोट : SLC २०७२ र सोभन्दा पछाडीका SEE परीक्षाका विद्यार्थीको उत्तीर्ण प्रतिशत गणना गर्दा GPA १.६ र सो भन्दा माथि GPA प्राप्त गर्ने विद्यार्थीहरूको प्रतिशतलाई आधार मान्ने ।</td></tr>
<tr><td>५</td><td>विद्युत र इन्टरनेटको पहुँच</td><td>क. विद्यालयमा राष्ट्रिय वा स्थानीय प्रशारणबाट विद्युत आपूर्ति व्यवस्था भएको, नभएको ...........<br>वैकल्पिक उर्जाको व्यवस्था भएको, नभएको...........<br>ख. विद्यालयमा इन्टरनेट पहुँच भएको,नभएको ............</td></tr>
<tr><td>६</td><td>विद्यालयको अवस्थिति</td><td>क. विद्यालय हातासम्म बाह्रै महिना सवारी साधन पुग्नसक्ने वा नसक्ने ...<br>ख. कच्ची वा पक्कि मोटर बाटो ......................<br>ग. सवारी साधन पुग्ने स्थानबाट विद्यालय सम्मको दुरी ..........</td></tr>
</table>

६ संलग्न गर्नु पर्ने कागजातहरू

१. विद्यालयको नाममा भएको जग्गा धनी प्रमाणपत्र वा सम्बन्धित निकायले दिएको भोगाधिकार पत्रको प्रमाणित प्रतिलिपि,

२. विद्यालय अनुमति/स्वीकृती/सम्बन्धन पत्रको प्रमाणित प्रतिलिपि,

३. विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि,

४. स्थानीय तहको सिफारिस,

५. विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी बैठक पुस्तिकाको प्रमाणित प्रतिलिपि,

६. विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक तोकेको बैठकको निर्णय र नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,

७. गत आर्थिक वर्षको लेखापरीक्षण र सामाजिक परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,

८. अद्यावधिक विद्यालय सुधार योजनाको प्रमाणित प्रतिलिपि,

९. चालु शैक्षिक सत्रमा भरेको शैक्षिक तथ्याङ्को प्रमाणित प्रतिलिपि,

१०. विपद जोखिम नभएको व्यहोरा खुलेको जिल्ला दैवी प्रकोप उद्धार समितिको सिफारिस पत्र,

११. कुनै सार्वजनिक विद्यालयहरू यस विद्यालयमा गाभिने भएमा गाभिएका विद्यालयहरूको विद्यालय व्यवस्थापन समिति र अभिभावक भेलाको निर्णयको प्रतिलिपि र सम्बन्धित शिक्षा कार्यालयको पत्र,

१२. अन्य आवश्यक कागजातहरू ।